दिपायल सिलगढी नगरपालिका

# स्थानीय राजपत्र

वर्ष: ०१, अंक :०२ , संख्या : ०१, दिसिनपा, डोटी, स्थानीय राजपत्र, भाग :०१ मिति २०७४ चैत्र १२ गते सोमबार

**भाग १**

**स्थानीय सरकार**

**दिपायल सिलगढी नगरपालिकाको सूचना**

दिपायल सिलगढी नगरपालिकाको नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीकोलागि प्रकाशन गरिएको छ ।

**सम्वत २०७४ सालको ऐन नं. ०१**

## दिपायल सिलगढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४

**प्रस्तावना** : नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम दिपायल सिलगढी नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** :(१) यो ऐनको नाम दिपायल सिलगढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ रहेको छ ।

(२) यो ऐन दिपायल सिलगढी नगरपालिका क्षेत्रभित्र तुरुन्त लागू हुनेछ ।

२. **परिभाषा** : (१) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन” भन्नाले दिपायल सिलगढी नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ सम्झनुपर्छ ।

(ख) “कार्यपालिका” भन्नाले दिपायल सिलगढी नगरपालिकाको नगरकार्यपालिका सम्झनुपर्छ ।

(ग) “नगरपालिका” भन्नाले दिपायल सिलगढी नगरपालिकासम्झनुपर्छ ।

(घ) “सभा” भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनुपर्छ ।

(ङ) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनुपर्छ ।

### परिच्छेद-२
### नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउने सम्बन्धी व्यवस्था

३. **नियम बनाउने अधिकार** : (१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त दिपायल सिलगढी नगर कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने** :(१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही दिपायल सिलगढी नगरकार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागूगर्न सक्नेछ ।

**प्रमाणीकरण मिति :२०७४।१२।०५**

**आज्ञाले**
**भोजराज शर्मा**
**नि. प्रमुख प्रशासकीय अधिकृत**